जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ००३ | २०८२ साल साउन ३२ गते शनिवार | Saturday-16-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## कोल्हवी नगरपालिकाको ईन्धन खर्च एक करोड भन्दा बढी , नम्स भन्दा बाहिर ६१ लाख भन्दा माथि

*शु.आ. सम्बाददाता*
*कलैया , ३० साउन*

नेपालको संविधान लागु भएको करिब ८ वर्ष पुगेको छ। संविधान अनुसार नेपालमा तिन तहको सरकार रहेको छ। जसमा पहिलो नेपाल सरकार, ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार छ। नेपाल सरकार , प्रदेश सरकार र स्थानीय सरकार हालसम्म जनताको राजश्व, बैदेशिक अनुदान र ऋणबाट सँचालन हुदै आएको छ। तिनै तहको सरकारसँग आफ्नो आय आर्जन गर्ने कुनै ठोस निति नभएको बेला कोल्हवी नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा करीब एक करोड भन्दा बढी ईन्धनमा खर्च गरेको छ। महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/०८१ को सार्वजनिक लेखापरीक्षण मै उक्त कुरा उल्लेख गरी नगरपालिकाले एक करोड दुई लाख ३०लाख १३ हजार ईन्धनमा नै खर्च गरेको उल्लेख गरेको छ।

प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाई व्यवस्थित गर्न बनेको ऐनको दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ ।सवारीको प्रयोग,




ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगबुक राखे व्यवस्था छ । तर कोल्हवी नगरपालिकाले व्यवस्थित तरिकाले लगबुक नराखेको समेत प्रतिवेदनमा प्रष्ट उल्लेख गरीएको छ।

त्यस्तै कोल्हवी नगरपालिकासँग भएका चारपाङ्गे तथा दुई पाङ्गे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नम्स अनुसार रु.४१ लाख १३ हजार ३ सय मात्र खर्च हुनुपर्ने देखिन्छ । तर जनप्रतिनिधिहरु र कर्मचारीहरु आफ्नो घरको सम्पति बुझी इन्धन कार्यालय प्रयोजनमा रु १ करोड २ लाख ३० हजार खर्च लेखेको छ। जुन नम्स भन्दा रु. ६१ लाख १७ हजार बढी खर्च भएको छ।

नम्स अनुसार कार्यालय प्रयोजनको लागि वार्षिक डिजेल तिन सय लिटर र पेट्रोल दुई सय २५ लिटरको मुल्य रु १० लाख आठ हजार , पालिका प्रमुखले पाउने सुविधा मासिक एक सय २५ लिटर गरी वार्षिक १५ सय लिटर ईन्धनको मुल्य रु दुई लाख ४० हजार , उपप्रमुखले पाउने सुविधा मासिक एक सय २५ लिटर गरी वार्षिक १५ सय लिटर ईन्धनको मुल्य रु दुई लाख ४० हजार , मोविल तथा अन्य सुविधा प्रमुख र उपप्रमुख दुवैलाई प्रत्येक चार महिनामा १० लिटर गरी वार्षिक ३० लिटरको मुल्य रु २१ हजार , प्रति मोटरसाइकल मासिक १० लिटर गरी वार्षिक तिन हजार सात सय २० लिटरको मुल्य रु २६ लाख चार हजार गरी जम्मा ४१ लाख १३ हजार खर्च हुनुपर्नेमा नगरपालिकाले एक करोड दुई लाख ३० हजार खर्च गरी

*बाँकी तेश्रो पृष्ठमा*

## जनप्रतिनिधीले असन्तुष्ट, जनाउदै १३ बुँदे मागपत्रसहित भ्रष्टाचारको आरोप

शु. आ. सम्बाददाता
रौतहट, ३० साउन

जिल्लाको ऐतिहासिक यमुनामाई गाउँपालिकामा निर्वाचित जनप्रतिनिधी बहाल भएको लामो समय बितिसक्दा पनि जनताले अपेक्षा गरेको विकास निर्माण, पारदर्शिता, जवाफदेहिता र सुशासनको अनुभूति नपाएको भन्दै स्थानीय जनप्रतिनिधीहरूले गम्भीर आपत्ति जनाएका छन् ।

गाउँपालिका अध्यक्ष, कार्यालय प्रमुख र लेखाप्रमुख मिलेर गुटबन्दी गर्दै भ्रष्टाचारलाई संस्थागत गरेको, प्रमुख प्रशासकीय अधिकृतलाई बारम्बार हेरफेर गरेर व्यक्तिगत फाइदा लिने, अनियमित टेन्डर प्रक्रिया संञ्चालन गर्ने, विद्यालय खाजाभत्ता र इन्धन खर्चमा कमिशन खाने, सार्वजनिक सवारी साधन निजी प्रयोजनमा प्रयोग गर्ने जस्ता आरोप जनप्रतिनिधीहरूले सार्वजनिक गरेका छन् ।

जनप्रतिनिधीहरूको अनुसार, कानुन विपरीत कर्मचारी भर्ना, बिना कार्यादेशका काम, गाउँसभा निर्णयको अवहेलना, बजेटको लापरवाहीपूर्ण सञ्चालन र सार्वजनिक सम्पत्तिको दुरुपयोगले सर्वसाधारण, अन्नदाता किसान, बृद्धबृद्धा, बालबालिका सबै पीडामा परेका छन् ।

यसका विरुद्ध जनप्रतिनिधीहरूले १३




बुँदे माग राख्दै यमुनामाई गाउँपालिका कार्यालय सरुअठा, जिल्ला प्रशासन कार्यालय रौतहट र जिल्ला समन्वय समिति कार्यालय गौरमा तत्काल सुधारका लागि ज्ञापनपत्र दिएका छन् । ती मागहरूमा अघिल्ला तीन आर्थिक वर्षका गाउँसभा निर्णय, कार्यपालिका बैठक माइनेट, बजेट कागजात, बैंक स्टेटमेन्ट र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने, स्थायी र अस्थायी सबै कर्मचारीको नियुक्ति विवरण दिने, अनलाइन टेन्डर र बैठक प्रणाली लागू गर्ने, सबै विद्यालयमा अंग्रेजी माध्यम शिक्षा सुरु गर्ने, सम्पूर्ण नागरिकको स्वास्थ्य बीमा गर्ने, कृषि विद्युतीकरण र निःशुल्क घरवाति विद्युत सुविधा दिने, गाउँपालिका स्तरीय अस्पताल स्थापना गर्ने लगायतका मागहरू छन्

। त्यसैगरी, अवैध तरिकाले सम्पन्न भएको ९औं गाउँसभा खारेज गर्ने, स्थानीय तहका पदाधिकारी र सदस्यको सुविधा कानुनअनुसार पारदर्शी बनाउने, टीएडी र आर्थिक सहयोग पाउनेको नाम सार्वजनिक गर्ने माग पनि गरिएको छ ।

मागपत्रमा चेतावनी दिँदै भनिएको छ – "हाम्रो जायज माग सम्बोधन नगरेमा आन्दोलनमा उत्रन बाध्य हुनेछौं र त्यस क्रममा हुने कुनै घटना, दुर्घटना वा जनधनको क्षतिको जिम्मेवारी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले लिनुपर्छ ।"

यो मागपत्र सार्वजनिक भएपछि यमुनामाई गाउँपालिकाको राजनीतिक माहोलमा थप तनाब चुलिन सक्ने देखिएको छ ।

## फतुवा विजयपुर नगरपालिकाले ल्यायो ५६ करोडभन्दा बढीको बजेट

*शु. आ. सम्बाददाता*
*साउन, ३० रौतहट*

जिल्लाको उत्तरी भेगमा रहेको फतुवा विजयपुर नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ५६ करोड ३२ लाख ९५ हजार १ सय ५१ रुपैयाँको बजेट प्रस्तुत गरेको छ। नगरसभाको ९औं अधिवेशनमा वडा नं. ९ का वडा अध्यक्ष राकेश यादवले बजेट प्रस्तुत गरेका हुन् ।

प्रस्तावित बजेटमध्ये २० करोड ६८ लाख ७१ हजार रुपैयाँ पूँजीगततर्फ र ३५ करोड ६४ लाख २४ हजार १ सय ५१ रुपैयाँ चालुतर्फ विनियोजन गरिएको हो । शिक्षा, स्वास्थ्य, सडक, पूर्वाधार, कृषि, पोषण र रोजगारीजस्ता क्षेत्रमा विशेष प्राथमिकता दिइएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवका अनुसार समृद्ध पालिका निर्माणका लागि आर्थिक तथा सामाजिक विकास, पूर्वाधार निर्माण, वन-वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत सेवा प्रवाह,




भूमिहीन सुकुम्बासी, पोषण, रोजगारी र लघु उद्यमजस्ता शीर्षकमा बजेट छुट्याइएको छ। यस वर्ष वडा नं. ९, १० र ११ का ८४ जना भूमिहीन सुकुम्वासीलाई जग्गा दर्ता प्रमाण-पुर्जा वितरण गरिनेछ । साथै वडा नं. १ देखि ११ सम्मका भूमिहीनहरूको सर्वेक्षण तथा तथ्यांक संकलन गरिने योजना छ । नगरपालिकाका लेखा अधिकृत कामेश्वर सहनीका अनुसार शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, कृषि र पशु सेवालाई बजेट निर्माणमा अग्रता दिइएको हो ।

नगर सभा कार्यक्रममा वडा नं १ देखी ९ सम्मका वडा अध्यक्षरु प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादव, लेखापाल कामेश्वर सहनी, प्रदेश सभा सदस्य प्रत्याशी समाजसेवी मोहम्मद शेराज, नगरपालिकाको कर्मचारीहरू, पत्रकार लगायत स्थानीय बुद्धिजीवीहरूको उपस्थिति रहेको थियो ।

## अलौ नाकाबाट फस्टायो तस्करी, प्रहरी नियन्त्रण गर्नु भन्दापनी स्कटिङ्ग गर्न ब्यस्त

*यु.के. दुबेदी*
*बिरगंज, ३० साउन*

पर्सा जिल्लाको सीमावर्ती क्षेत्र अलौ नाका हुँदै तस्करी कार्य फस्टाउदै गएपनि शान्ती सुरक्षाका साथै सीमा नाकामा खटिएका प्रहरीहरू नियन्त्रण गर्नुको साट्टो स्कटिङ्ग गर्नमा व्यस्त रहेको देखा पर्न थालेका छन । स्थानीयदेखि प्रदेश प्रहरी प्रमुखको समेत नामबाट रकम असुली हुन थालेपछी दिन प्रती दिन तस्करी कार्य फस्टाउनसाथ प्रहरीहरू स्कटिङ्गको काममा जुटन थालेका हुन ।

अलौ नाका तस्करीको कार्यमा बदनाम नाकाको रूपमा मानिन्छ । जोकोही प्रहरी माथिल्लो निकायलाइ नजरानाको रूपमा भेटी चढाएरै भएपनी अलौ नाकामा पुग्ने परम्परा कायमै रहेको बुझिन्छ। उक्त नाकाबाट दिनहु सयौ तस्करीमा सल्लग्न भएका व्यक्तिहरू तस्करी गर्न सक्रिय छन, कारण हो प्रहरीको सहयोग । अलौ नाकाबाट दिनहु कपडा, हार्डवेयर, भैसी, मोवाइल पार्टस, मरिच लगायत खदान्य समाग्रीको तस्करी हुने गरेको जोकोहिले पनि सजिले देख्न सक्छन। तर मासिक रूपमै नजराना बुझने प्रहरीहरूलाइ दिन दहाडै तस्करी भएको कार्य आखाले देख्न पनि छोडेको एक स्थानीय



बताउछन। उनका अनुसार प्रहरीलाई मात्र मासिक रूपमा नजराना सङ्ग मतलब हुन्छ, सीमा नाकामा खटेर मात्र सर्वसाधारणलाई दुख दिने र तस्करहरू सङ्ग मासिक रूपमा लाखौ आर्जन गर्ने गढको रूपमा अलौ नाकालाइ बनाएको आरोप, लगाए ।

यता दिनभरी प्रहरीले काम गर्ने गरे जस्तो बताउन खोजेपनी साझको ७ बजे पश्चात् तस्करीको काम सुरू हुने गरेको एक अर्का स्थानीय बताउछन । रातिको समयमा तस्करहरूको लस्करै लाग्ने गरेको उनले बताए। ठुला बडा देखि साना कारोबारीसम्म ७० जना भन्दा बढी भएपनी ठुला बडा तस्करहरू मात्र एक दर्जनको हाराही मा रहेको बताए । अनिल, बैझनाथ, मनोज लगायत दर्जनौ ठुला तस्करहरू तस्करी गर्न सक्रय रहेको उनले बताए ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

### कार्यसम्पादनलाई अवसर बनाऊ

प्रधानमन्त्री केपी शर्मा ओलीले फेरि उपप्रधानमन्त्री, मन्त्रीहरू र मुख्यसचिवसँग कार्यसम्पादन सम्झौता गरेका छन् । सम्झौतामा हस्ताक्षर आदानप्रदान गरेपछि प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल सुखी नेपाली'को आफ्नो चाहना रहेको स्मरण गरेका छन् । प्रधानमन्त्रीले व्यक्त गरेको चाहना र कार्यसम्पादन सम्झौता नयाँ विषय होइन । प्रधानमन्त्रीले आफ्नो चाहना मन्त्रीहरूलाई स्मरण फेरि गराउनु र उनीहरूसँग कार्यसम्पादन सम्झौता गर्नु नै नयाँ विषय हो । यसलाई साँच्चै नयाँ बनाउन कार्यसम्पादन सम्झौता गर्नेहरूले ख्याल गर्नुपर्नेछ । अन्यथा, निरन्तरताका लागि निरन्तरता पाइराखेको यसखाले सम्झौता कर्मकाण्डी सम्झौताजस्तो मात्रै हुन पुग्छ ।

स्मरणीय छ- यसअघि कार्यसम्पादन मूल्यांकनका आधारमा कसैमाथि केही एक्सन भएको छैन । प्रधानमन्त्रीले कार्यसम्पादनमा अनुत्तीर्ण हुने मन्त्रीलाई पदबाट हटाउने र उत्तीर्ण हुनेले निरन्तरता पाउने भनेर दिएका सार्वजनिक अभिव्यक्ति व्यवहारमा लागू भएको पाइँदैन । फेरि पनि कार्यसम्पादनमा कमजोर अंक पाएका मन्त्रीहरूको पद सुरक्षित रहिरहने परिपाटीले निरन्तरता पाउने हो भने नयाँ सम्झौता गर्नुको कुनै अर्थ रहँदैन । किनभने कार्यसम्पादन सम्झौता जिम्मेवारी लिने व्यक्तिले स्वेच्छाले कार्ययोजना तयार गरी पेस गर्ने र त्यसमा हस्ताक्षर आदनप्रदान गर्ने हो । जे गर्छु भनेर सम्झौता गरेको छ त्यो काम गर्न नसक्ने व्यक्ति सोही पदमा निरन्तर रहनु आफैंमा नैतिक विषय त हुँदै हो । त्यस्तो पात्रलाई बोकेर प्रधानमन्त्री पनि हिँड्छन् भने कार्यसम्पादन सम्झौता केवल कर्मकाण्डजस्तो मात्रै हुन जान्छ । यही प्रश्न विगतमा उठ्दै आएको छ । नयाँ सम्झौताको मूल्यांकनपछि प्रश्न गर्नेहरूले जवाफ पाउनुपर्छ ।

नेपालले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थामा प्रधानमन्त्री कार्यकारी प्रमुख हुन् । जसले चाहँदा मन्त्रिपरिषद्का कुनै पनि सदस्यको जिम्मेवारी खोस्न र हेरफेर गर्न सक्दछन् । तर नेपालमा कुनै एउटा पार्टीको एकल बहुमतको सरकार बन्न कठिन छ, विगतका बनेको समयमा समेत सम्बन्धित पार्टीको आन्तरिक गुट व्यवस्थापनले अप्ठ्यारो पारेका उदाहरण छन् । संयुक्त सरकारमा पनि कार्यसम्पादन मूल्यांकनकै आधारमा मन्त्री हेरफेर गर्न प्रधानमन्त्रीलाई सकस हुने गरेको छ । यदि यही परिस्थितिले निरन्तरता पाउने हो भने पनि प्रधानमन्त्रीले मन्त्रीहरूसँग गरेको कार्यसम्पादन सम्झौता कर्मकाण्डजस्तो मात्रै हुन्छ । यदि प्रधानमन्त्री र मन्त्रीहरूले चाहने र सत्ता गठबन्धनमा रहेका दलहरूले सरकारप्रति विश्वास गर्ने हो भने कार्यसम्पादनप्रतिको गलत धारणा बदलिन सक्छ । जनतामा रहेको चरम निराशा तोड्ने गरी काम गर्न सक्छन् । विकास र समृद्धिका ढोका खोल्न सक्छन् । नेपालमै रोजगारी सिर्जना, उद्योग धन्दाको विकास, उत्पादितउपजको बजारको सुनिश्चितता हुने हो भने नागरिकका धेरै चाहना आफैं पूरा हुनेछन् । कार्यसम्पादन सम्झौतामा हस्ताक्षर आदानप्रदान गर्नेले यो अवसरको सदुपयोग गरून् । अन्यथा, मतदाताले मत बदल्दा धेरै ढिलो भइसकको हुनेछ ।

# श्रीकृष्णको उपदेश भागवत



*विश्वनाथ खरेल*

भगवान् श्रीकृष्ण धर्तीमा प्रादुर्भाव भएको दिनलाई श्रीकृष्ण जन्माष्टमी भनिन्छ । यस दिनलाई वैष्णव धर्मावलम्बी, वल्लभ सम्प्रदाय, चैतन्य सम्प्रदाय, राधाकृष्ण सम्प्रदाय, श्रीकृष्ण प्रणामी सम्प्रदायलगायत अन्य हिन्दु धर्मावलम्बीले महत्त्वका साथ व्रतोवास गरी मनाउँछन् । यस दिन भक्तजन उपवास बस्छन् र आधा रातमा भगवान्को पूजाअर्चना, भजनकीर्तन तथा कथाश्रवण गर्दै जाग्राम बस्छन् । फलतः श्रीकृष्ण जन्माष्टमीको दिन रोहिणी नक्षत्र र बुधबार पर्नुलाई अत्युत्तम मानिन्छ । यसै नक्षत्र र बुधबार श्रीकृष्णको जन्म भएको थियो ।

कृष्ण जन्माष्टमीको अवसरमा मुलुकका सबैजसो कृष्ण मन्दिरमा भक्तजनको भिड लाग्छ । खासगरी ललितपुरको मंगलबजारको कृष्ण मन्दिरमा हजारौंको संख्यामा भिड लाग्छ । जहाँ दर्शन र पूजाआजा गर्न राष्ट्रप्रमुख नै आउने प्रचलन छ । उपत्यका रहेको हनुमानढोकास्थित अष्टकोणाकार कृष्ण मन्दिरमा पनि यस दिन भक्तजनको भिड लाग्छ ।

श्रीकृष्णले गोपिनी र राधासित गरेको प्रेमप्रसंगका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् झुला उत्सवका रूपमा मनाइन्छ । यो नै पूर्वीय जगत्को प्रेम दिवस हो ।

यसर्थ श्रीकृष्ण जन्माष्टमीको दिन श्रद्धालु भक्तजनहरूले साँझमा स्नानपूजा गरी आधारातमा नौनी हातमा लिएका बालकृष्णलाई वा शालिग्रामको शिलालाई काँक्रोभित्र राखी राख्छन् । यसको ठीक मध्यरातमा शिलालाई त्यसबाट निकालेर हर्षोल्लासका साथ जन्मोत्सव गरिन्छ । यसलाई मध्यरातमा श्रीकृष्ण जन्मेको संकेतका रूपमा लिइन्छ । त्यसपछि पञ्चामृत वा शुद्ध जलले भगवान्लाई स्नान गराई श्रीखण्ड, चन्दन, तील, अक्षता र फूलले भगवान्को पूजा गरिन्छ । यसमा पनि भगवान्लाई वस्त्र र जनैसमेत अर्पण गरी धूपदीप बालिन्छ र भोग चढाइन्छ । नैवेद्यको भोग लगाउँदा विशेषतः हलुवा, पेडा, मिठाई तथा केरा, नासपाती, स्याउ आदि फलफूलको भोग लगाइन्छ । त्यसपछि भजनकीर्तनसहित आरती गरिन्छ र पुष्पाञ्जली चढाएर भगवान्लाई साष्टांग प्रणाम गरी अखण्ड दीप बालिन्छ । अनि रातभर श्रीकृष्णको भजनकीर्तन गरी जाग्राम बस्ने चलन छ ।

श्रीकृष्ण पौराणिक ग्रन्थमा मात्र नभई ऐतिहासिक पुरुष हुन् भनी चर्चा चल्न थालेको छ । जबकि श्रीकृष्णसँग सम्बन्धित तिथि, मितिबारे संस्कृतिकर्मी नूतनधर शर्माले लेखेका छन्, 'श्रीकृष्णको जन्म मथुरा नगरीमा भाद्रकृष्ण अष्टमीका दिन ३२२८ ईशापूर्वमा भएको हो । उहाँले १२५ वर्षको उमेरमा फागुपूर्णिमाको दिन देहत्याग गरेका थिए ।

यसै दिनबाट कलियुग प्रारम्भ भएको मानिन्छ । विद्वान् विश्वनाथ चक्रवर्तीको भनाइअनुसार भगवान् श्रीकृष्णले जीवनको सुरुका तीन वर्ष चार महिना गोकुलमा बिताए ।

त्यत्तिकै समय वृन्दावन, नन्दग्राम र द्वारकामा बिताए ।

अतः पृथ्वीमा आत्मराम आन्मकाम पूर्णब्रह्म श्रीकृष्णको हृदयमा जीवनमाथिको कारण नै पशुपक्षी, जलघर आदि प्राणीको रूपमा आवतरित हुनाको मुख्य कारण हो । जब श्रीकृष्णको हृदयमा मनुष्यमाथि अहैंतुकीकृपा बर्साउने इच्छा हुन्छ । तब स्वयम् भगवान् श्रीकृष्ण अनेक अवतारको रूपामा अवतरित नभइकन स्वयं नै नन्दबाबा यशोदा मैयाँको घरमा नरवतलिला गर्ने क्रममा मनुष्यको रूपमा जन्म लीला गर्नुहुन्छ । यसर्थ कंशको अत्याचारबाट मथुरा र मथरावासीलाई मुक्ति दिलाउन र गीतामा वर्णित अनेकौं जीवनोपयोगी दर्शनज्ञान संसारलाई दिन नै कृष्णवतार भएको हो भन्नुमा कुनै दुई मत नहोला ।

श्रीकृष्ण पतित पावन अवतार भगवान् चैतन्य महाप्रभु कलिकालको जीवका लागि विशेष रूपले भगवान्को नाम कीर्तनको शिक्षा दिनुहुन्छ । वस्तुतः साधनामा भगवान्को नामजस्तो श्रेष्ठ साधना अरू छैन, जसले प्रेम प्राप्त गरोस् । यो नै देश काल द्रव्य आदिद्वारा परिच्छेद्रहित अधिकार विवर्जित, जीव मात्रको परमहित, सज्जनद्वारा अनुमोदित अनन्तसिद्ध साधकहरूद्वारा आधारित नाम संकीर्तन नै सबै शास्त्रमा प्रेम प्राप्तिका परम उपायको रूपमा निर्णीत छ । त्यसै कारण संसारमा धेरैले दुःख भोगिरहनु परेको छ । त्यसबाट उम्कन एकमात्र उपाय कृष्ण शरणागति नै हो । जुन कंशको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वासुदेव र देवकीको आठौं गर्भबाट भगवान् विष्णुको आठौं अवतारका रूपमा आजको दिन श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास छ ।

जसरी कंशले जेलनेलसहित बन्दी बनाएको अवस्थामा देवकीबाट श्रीकृष्णको जन्म भएको थियो । यसमा पनि चारैतिर सेनाको कडा सुरक्षा हुँदा पनि भगवान् विष्णुको मोहित पार्ने शक्तिका कारण श्रीकृष्ण जन्मिएका बेलामा सबै सैनिक गहिरो निद्रामा परेका थिए ।

त्यसैबेला आकाशवाणीमार्फत वासुदेवलाई 'नवजात शिशु कृष्णलाई वृन्दावनस्थित मित्र नन्दका घरमा पुऱ्याऊँ' भन्ने आकाशवाणी भएको थियो ।

यही मोहित पार्ने शक्ति भएका कारण आजको रात्रिलाई मोहरात्रि पनि भनिन्छ । जहाँ वासुदेव नन्दको घरमा गई कृष्णलाई त्यहीँ छोडी त्यही दिन नन्द पत्नी यशोदाको गर्भबाट जन्मिएकी बालिकालाई लिएर आएपछि मात्र सैनिक ब्युँझिएको प्रसंग महाभारत ग्रन्थमा उल्लेख छ ।

श्रीकृष्णले नै पापका पर्याय बनेका मामा कंशको वध गरी हजुरबा उग्रसेन, माता-पिता देवकी एवं वासुदेवलाई जेलमुक्त गरिदिनुभएको थियो । जसमा भन्ने नै हो भने संसारमा विद्यमान रहेको अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित बनाउने उद्देश्यले भगवान् विष्णुले मानिसको अवतारका रूपमा श्रीकृष्ण भई धर्तीमा जन्म लिएको स्मृतिस्वरूप आजको पर्व मनाउने गरिएको हो । अतः श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्नुभएको थियो । जसरी कौरव र पाण्डवका बीचमा कुरु क्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा रहेका पाँच पाण्डव मध्येका अर्जुनको सारथीका रूपमा श्रीकृष्णले युद्धको शिक्षा दिनुभएको थियो ।

मूलतः युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई प्रेरणा दिँदै सत्यको पक्षमा हौसला प्रदान गर्नुभएको थियो । यही युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिनुभएको उपदेश नै 'श्रीमद्भागवत् गीता' हो । श्रीमद्भागवत् गीतालाई हिन्दुको पवित्र ग्रन्थ मानिन्छ । जसमा भन्ने नै हो भने बाल्यकालदेखि नै विचित्र लीला देखाउँदै आउनु भएका श्रीकृष्णले गोपिनी र राधासित गरेको प्रेम प्रसंगका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् झुला उत्सवका रूपमा समेत मनाउने गरिन्छ । अतः कृष्ण जन्माष्टमी केवल परम्परागत पर्व मात्र नभई हिन्दु धर्मावलम्बीहरूको आस्था, भक्ति र संस्कृतिको अमूल्य धरोहर हो । यसको लोकप्रियता र महत्त्वले समग्र हिन्दु समाजलाई एकाकार गराउँदै धार्मिक चेतना र सांस्कृतिक पहिचानलाई सुदृढ बनाएको छ ।

मूलतः भविष्यमा पनि यो पर्व यसैगरी भाववृद्धि गर्दै विश्वका विभिन्न भागमा हिन्दु धर्म र संस्कृतिको परिचायक रहिरहने अपेक्षा छ । हरेक वर्ष यो पर्व मनाइरहँदा, हामी श्रीकृष्णको दिव्य लीला र उपदेशहरूलाई स्मरण गर्दै, एक राम्रो र सद्भावपूर्ण समाज निर्माणको संकल्प पनि गरिन्छ । जय श्रीकृष्ण !




# पत्रकारमाथि आक्रमण गर्ने वकिलहरुलाई कारबाही गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र

*जनकपुर, ३० साउन*



जनकपुरमा पत्रकारमाथि आक्रमण गर्ने वकिलहरूविरुद्ध कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ मधेस प्रदेश र नेपाल पत्रकार महासंघ धनुषाले आज प्रधानमन्त्री केपी शर्मा ओलीलाई संयुक्त ज्ञापनपत्र बुझाएका छन्।

साउन २७ गते नेपाल बार एसोसिएसन जनकपुरका केही वकिलहरूले पत्रकारमाथि सामूहिक आक्रमण गरी कुटपिट गरेको घटनामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन माग गरिएको हो।

उक्त घटनामा ६ जना पत्रकार घाइते भएका थिए। वकिलको कुटपिटबाट महासंघ मधेस प्रदेशका महासचिव शैलेन्द्र क्रान्तिको खुट्टा भाँचिएको, पत्रकार अनिल कुमार निरालाको आँखामा चोट लागी सुन्निने अवस्था आएको, पत्रकार दिवाकर राईको टाउकोमा गम्भीर चोट लागेको उल्लेख छ। त्यस्तै, उपाध्यक्ष ज्योति झा र पत्रकार बिनीता यादवलाई समेत लैङ्गिक संवेदनशीलता बेवास्ता गर्दै आपत्तिजनक व्यवहार गरिएको महासंघको आरोप छ।

महासंघका अनुसार, जनकपुरधाममा महासंघको भवन निर्माणका लागि गुठीसँग सम्झौतामा प्राप्त जग्गामा बार एसोसिएसन जनकपुरले बलपूर्वक अतिक्रमण गर्दै पार्किङ सञ्चालन गरेपछि विवाद सुरु भएको हो। जग्गा रक्षा गर्न पत्रकारहरूले घेरा हाल्दा वकिलको समूहले आक्रमण गरेको दाबी गरिएको छ। घटनापछि जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिइए पनि अहिलेसम्म कसैमाथि कारबाही नभएको ज्ञापनपत्रमा उल्लेख छ। महासंघले आक्रमणकारीलाई कानुनी दायरामा ल्याउन र पीडित पत्रकारलाई न्याय दिलाउन प्रधानमन्त्रीको हस्तक्षेपको माग गरेको छ।

ज्ञापनपत्र बुझाएपछि प्रधानमन्त्री ओलीले समुद्घाटन भाषणमा पत्रकारमाथि आक्रमण गर्ने जोसुकै भए पनि कानुनी दायरामा ल्याउन निर्देशन दिए।

प्रधानमन्त्री ओली मधेस प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि जनकपुरधाम आएका अवसरमा महासंघका अध्यक्ष श्यामप्रसाद बन्जारा र धनुषा शाखा अध्यक्ष पुरन साहले संयुक्त ज्ञापनपत्र बुझाएका हुन्।

# प्रवेश गरेको एक दिनमै देवेन्द्र यादवको कांग्रेस सदस्यता खारेज

*काठमाडौं, ३० साउन*



फौजदारी मुद्दामा कानुनी कारबाही प्रक्रियामा रहेका व्यक्तिलाई पार्टीको सदस्यता दिएको भन्दै आलोचना भएपछि नेपाली कांग्रेसले महोत्तरीका देवेन्द्र यादवको सदस्यता खारेज गरेको छ।

पार्टीका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार, सभापति शेरबहादुर देउवा र महामन्त्री विश्वप्रकाश शर्माबीच पार्टी केन्द्रीय कार्यालयमा छलफल भइरहेका बेला केही कार्यकर्ताले यादवलाई लिएर पार्टी प्रवेश गराउन अनुरोध गरेका थिए। सोहीअनुरूप सभापति देउवाले यादवलाई पार्टी सदस्यता दिएका थिए। तर, पछि यादवमाथि फौजदारी मुद्दा रहेको जानकारी प्राप्त भएपछि उनको सदस्यता खारेज गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ।

प्रेस विज्ञप्तिमा भनिएको छ, "निज व्यक्ति उपर फौजदारी कानुनी कार्वाही प्रक्रिया रहेको भन्ने थाहा हुन आएको हुँदा निजले प्राप्त गरेको पार्टी सदस्यता खारेज गरिएको जानकारी गराइन्छ।" कांग्रेसले यस विषयमा गृह प्रशासनको पनि ध्यानाकर्षण गराएको छ। साथै, यादवलाई पार्टी प्रवेश गराउन ल्याउने कार्यकर्ताहरूसँग पनि यसबारे गम्भीरतापूर्वक जानकारी लिइरहेको कांग्रेसले जनाएको छ।

# पर्सामा मिटरब्याजसम्बन्धी १६८८ उजुरी मेलमिलापबाट समाधान, २८ करोड बिगो फिर्ता

*बीरगंज, ३० साउन*




पर्सामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरीको संख्या २ हजार नाघ्दा पनि तीमध्ये अधिकांश मेलमिलाप प्रक्रियाबाट टुंग्याइएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार, साउन २८ गतेसम्ममा २ हजार ३५८ उजुरी परेका छन्, जसमध्ये १ हजार ६८९ उजुरी मेलमिलापमार्फत समाधान गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) किशोर लम्सालले दिएको जानकारीअनुसार, जिल्ला प्रशासन कार्यालयमा १,७२९ उजुरी परेका थिए भने जिल्ला प्रहरी कार्यालयमा ६२९ उजुरी दर्ता भएका थिए। तीमध्ये प्रशासनले २२० र प्रहरीले १,४६७ उजुरी फछ्र्योट गरेको छ। ६३७ उजुरी अझै बाँकी हालसम्म मेलमिलाप प्रक्रियाबाट धेरै उजुरी टुंगिए पनि ६३७ उजुरी अझै बाँकी रहेका छन्। यस्तै, मिटरब्याजसम्बन्धी ३२ मुद्दा अदालतमा दर्ता गरिएका छन्। ती मुद्दामा १५ पुरुष र २ महिला गरी १७ जना व्यक्तिलाई पक्राउ गरिएको छ।

२८ करोडभन्दा बढी रकम र ४० बिघाभन्दा बढी जग्गा फिर्ता मेलमिलाप प्रक्रियाबाट पीडितलाई कुल २८ करोड ५९ लाख ५५ हजार ५५७ रुपैयाँ बराबरको बिगो फिर्ता गरिएको छ। साथै, ४० बिघा १५ कठ्ठा १९ धुर जग्गा समेत फिर्ता दिलाइएको प्रहरी कार्यालयले जनाएको छ।

मिटरब्याजसम्बन्धी उजुरीहरू पहिले जिल्ला प्रशासन कार्यालयमा दर्ता हुँदै आएकोमा २०८१ फागुन १ गतेदेखि जिल्ला प्रहरी कार्यालयमार्फत दर्ता गर्न थालिएको हो।

प्रहरी प्रशासनले उजुरी फछ्र्योट, बिगो फिर्ता तथा कानुनी कारबाहीको प्रक्रिया प्रभावकारी रूपमा अघि बढाइरहेकाले पीडितले राहत पाउन थालेका छन्।

# प्रधानमन्त्री ओलीको चेतावनी : "जोर-जबर जस्ती होइन, कानुनी संवादबाट समाधान खोजौं"

*जनकपुर, ३० साउन*




प्रधानमन्त्री केपी शर्मा ओलीले कानुनी संवाद नै सबै समस्या समाधानको उचित माध्यम भएको स्पष्ट पारेका छन्। जनकपुरधाममा आयोजित मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटन समारोहमा बोल्दै उनले पछिल्लो समय देखिएको जग्गा विवादलगायतका घटनाप्रति अप्रसन्नता जनाउँदै 'कानुनभन्दा बाहिर गएर कुनै पनि विषय हल गर्न खोज्नु अनुचित' भएको बताए।

पत्रकार महासंघको लिजमा लिइएको जग्गा कब्जा गर्न खोजिएको विवादप्रति इन्कार नगरी उनले भने, "कानुनी प्रक्रियाबाट हल हुने विषयलाई जबर्जस्ती गर्ने प्रवृत्तिले द्वन्द्व निम्त्याउँछ, यस्ता घटना दोहोरिनु हुँदैन।"

प्रहरीलाई न्यायिक सेवा दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य

२१ करोडको लागतमा निर्माण सम्पन्न भएको प्रहरी भवनमा मधेश प्रदेश सरकारको सहयोग रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले धन्यवाद व्यक्त गरे। उनले प्रहरी प्रशासनलाई जनतालाई प्रारम्भिक न्याय दिन सक्ने संस्थाका रूपमा सक्षम बनाइने सरकारको नीति रहेको बताए।

"भ्रष्टाचार नियन्त्रण र छिटोछरितो सेवा सुशासनका मुख्य आधार हुन्," भन्दै उनले प्रशासनिक संयन्त्रलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे।

लागूऔषध, खुला सिमाना र सुरक्षा चुनौतीहरू

मधेश क्षेत्रमा लागूऔषधको बढ्दो प्रवेश र युवामा यसको लत गम्भीर चुनौती बन्दै गएको भन्दै प्रधानमन्त्री ओलीले खुला सिमाना र त्यसको दुरुपयोग रोक्न विशेष पहल आवश्यक भएको उल्लेख गरे।

"राजस्व उठ्नुपर्ने ठाउँमा उठ्दैन, सिमानाबाट अपराधीहरू छिर्छन् - यो अवस्था अन्त्य हुनुपर्छ," उनले दृढतापूर्वक भने।

निर्दोष फस्ने, दोषी उम्कने प्रवृत्ति अन्त्यको आग्रह

अभियोजन र अनुसन्धान प्रक्रियामा निष्पक्षता आवश्यक रहेको भन्दै प्रधानमन्त्रीले निर्दोषहरूलाई फसाउने र दोषी उम्काउने प्रवृत्तिलाई तत्काल अन्त्य गर्नुपर्ने बताए। उनले न्याय प्रणालीमा विश्वास कायम राख्न प्रहरीले निष्पक्ष, व्यावसायिक र संवेदनशील भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

नयाँ शक्ति पार्टीप्रति कटाक्ष

राजनीतिक प्रसङ्गमा बोल्दै प्रधानमन्त्री ओलीले संघर्षबाट आएको नेतृत्व देशका लागि समर्पित हुने तर 'अचानक खुल्ने दल' का नेताहरू योगदानविहीन हुने आरोप लगाए। उनले संसद्मा भत्ता बुझाउने मात्रै गर्ने नेताहरूलाई जनताले चिन्ने थालेको टिप्पणी गरे।

"अन्ततः, जनताका सवालमा जिम्मेवार बन्ने र कानुनी प्रक्रियामा विश्वास राख्ने संस्कार विकास नगरेसम्म लोकतन्त्र बलियो हुँदैन," प्रधानमन्त्री ओलीले भने।

# हिन्दी फिल्म 'PARADOX' को शुभ मुहूर्त सम्पन्न

*मेवालाल यादव*
*रौतहट, ३० साउन*



रौतहट जिल्लाको राजदेवी नगरपालिका-१ स्थित प्रसिद्ध राजदेवी मन्दिर परिसरमा हिन्दी फिल्म ‘एब्च्ब्म्इह्ट’ को शुभ मुहूर्त कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

मानव तस्करीविरुद्ध जनचेतना फैलाउने उद्देश्यले निर्माण हुन लागेको फिल्म ‘एब्च्ब्म्इह्ट’ समाजमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ।

फिल्मका लेखक सागर राज गुप्ताले समाजमा व्याप्त मानव तस्करीको समस्यालाई उजागर गर्दै जनचेतनाको सन्देश दिन फिल्म निर्माण गरिएको जानकारी दिए।

फिल्मको निर्देशन अनुपम साहले गर्दैछन् भने निर्माणको जिम्मेवारी रामारमन सहनी र एम.एल. यादवले लिएका छन्। प्रमुख भूमिकामा मेवालाल यादव र रन्धिर कुमार रहेका छन् भने नायिकाको भूमिकामा दिव्य सिङ्देल र प्रिया लामिछाने देखिनेछिन्। अभिनाश फिल्म मिडिया प्रा. लि. र सुधीर इन्टरटेन्मेन्ट प्रा. लि. को संयुक्त प्रस्तुतिमा बन्न लागेको फिल्मको छायांकन चाँडै सुरु गरिनेछ। नेपाल र भारतका विभिन्न स्थानमा छायांकन हुने जानकारी अभिनेता मेवालाल यादवले दिए। शुभ मुहुर्त कार्यक्रममा राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारी प्रसाद यादव, वरिष्ठ पत्रकार राकेश यादव, सत्येन्द्र प्रताप सिंह, शैलेन्द्र झा, दिलिप पाण्डे, चन्दन महतो, समाजसेवी देवि अधिकारी, कलाकार रामबाबु साह, पवन साह, दिपेश शर्मा, रौनक नवीन, सुर्या कुशवाहा, दिपेन्द्र भाई, असलम भाई, चन्चल झा, कृष्णमणि झा लगायतको उल्लेखनीय उपस्थिति रहेको थियो।

# पर्सामा कालाजारको बिरामी भेटियो

*बीरगंज, ३० साउन*



पर्सामा यसवर्ष कालाजारको पहिलो बिरामी भेटिएका छन्। वीरगँज महानगरपालिका-२७ उदयपुरघुर्मीका ४० वर्षीय पुरुषमा कालाजारको संक्रमण पुष्टि भएको छ।

ती पुरुष चालु आर्थिक वर्षमा पर्सा जिल्लामा कालाजारको पहिलो बिरामी भएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिएका छन्। उनका अनुसार गत आर्थिक वर्षमा पर्सा जिल्लामा कालाजारको एक जनामा मात्रै संक्रमण भेटिएको थियो।

अहिले कालाजारको संक्रमण पुष्टि भएका वीरगंज-२७ का ४० वर्षीय पुरुष रोजगारीका सिलसिलामा दुई महिना पहिले भारतको गुजरात गएका थिए। त्यहाँ उनलाई साँझको समयमा पटक पटक ज्वरो आउने लगायतका लक्षण देखिएपछि घर फर्किएका थिए। यही साउन ८ गते स्वास्थ्य उपचारका लागि वीरगंज-१५ स्थित तराई हस्पिटलमा पुगेका उनको स्वास्थ्य परीक्षणका क्रममा उनमा कालाजारको संक्रमण पुष्टि भएको थियो।

त्यसपछि स्वास्थ्य कार्यालय पर्सा र वीरगंज महानगरपालिकाका स्वास्थ्य शाखाका स्वास्थ्यकर्मीको टोली तराई हस्पिटलमा पुगेर पुन परीक्षण गर्दा पनि कालाजारको संक्रमण भएको पुष्टि भएको छ।

आर्थिक अवस्था कमजोर रहेका ती पुरुषको उपचारमा आवश्यक सुई र औषधि प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरबाट झिकाएर उपचार गरिएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत ठाकुरले बताएका छन्। हाल घरबाटै उपचार गराइरहेका उनको स्वास्थ्य अवस्था सामान्य रहेको ठाकुरले जानकारी दिए।

चालु आर्थिक वर्षको पहिलो महिनामै जिल्लामा कालाजार संक्रमित भेटिएपछि स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरेर कालजार, मलेरिया, डेंगी लगायतका कीट जन्य रोगको रोकथाम र नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको उनले बताए।

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौं। - सुवर्ण गाउँपालिका, बारा